# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, पुस ३ गते २०४६ साल ( संख्या ३५

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी उत्पादनमा बिक्रीकर तिर्ने उद्योगहरूले त्यस्तो उत्पादनमा प्रयोग गर्नको लागि पैठारी गर्ने प्याकिङ मेटेरियलसमा लाग्ने अतिरिक्त भन्सार महशूल पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
सूर्यनाथ सुवेदी
श्री ५ को सरकारको का. मु. सचिव

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी बुद्ध विहार भृकुटी मण्डपमा प्रयोगको लागि भिक्षु सुमंगलले जापानबाट दानस्वरूप प्राप्त गरी ल्याएको पोर्टेबल टाइपराइटर (ए एक्स–१५ ब्रदर कम्पनीको) एकमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।